# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय , इटाभट्टा
## झापा जिल्ला , कोशी प्रदेश नेपाल

Mechinagar Municipality

Office of the Municipal Executive

Itabhatta, Jhapa District, Koshi, Nepal


भूमी शाखा

प.स.-२०८३/८४

च.न.:-१८०८

मिति:२०८३/०६/०६ गते

श्री मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
ईट्टाभट्टा,झापा

**विषय: हाल सम्म सम्पादन गरिएका कार्यहरुको प्रगती विवरण सार्वजनिक गरिकएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा आदेशानुसार भूमि समस्या समाधान समिति मेचीनगर नगरपालिको शाखाद्वारा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन तथा जग्गा नाप-नक्सा सम्बन्धी हालसम्म सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण तपसिल वमोजिम तयार गरी सार्वजनिक गरिएको व्योहोरा सम्वन्धित सर्वमा जानकारी गराईन्छ ।

### १. जग्गा नापजाँच गरिएको विवरण

| क्र.स | टोल | वडा | कित्ता नम्बर | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | फूलबारी टोल | १३ | १७ | ०-७-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| २ | घटे टोल | ०३ | १३ | ३-१६-३ | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ३ | लिम्बुटार गाउ | ०३ | ८० | २-०-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ४ | मितेरी टोल | ०३ | १२ | ३-७-३ | नाप नस्सा सम्पन भई नक्सा तयार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको |
| ५ | तिम्सिने गाउ | ०३ | ३० | ७-१४-१३ | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ६ | थोप्ले बिरान | ०९ | १२ | ०-९-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ७ | थोप्ले खोला | ०९ | २० | ०-९-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ८ | टिमाई टोल | ०९ | ७४ | २-३-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ९ | नया बस्ती टोल | ०९ | ४३ | ३-९-१४ | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| १० | नया बस्ती सिरान | ०९ | ०५ | ०-१०-० | नाप नस्सा सम्पन भई नक्सा तयार भएको |
| ११ | सतिघटा टोल | ०७ | ५० | ३-०-७ | जिल्ला समितिबाट जनशक्ति अभावका कारण नापजाँचका लागि अनुरोध भए बमोजिम नापजाँच सम्पन्न गरी नक्सासमेत तयार पारेर जिल्लामा बुझाइसकिएको छ |
| १२ | टि स्टेट | ०५ | ५ | ७-१-० | नगरपालिकाको अनुरोध भए अनुसार नापजाँच गरिएको |

२. नाप नक्सा सम्पन्न भई नक्सा तयार भएको अवस्थामा पनि उपलब्ध गराउन  नमिल्ने जग्गाहरु

नाप नक्सा सम्पन्न भई नक्सा तयार भइसकेका नौ (९) वटा क्षेत्र (घटे टोल, लिम्बु टार गाउँ, मितेरी टोल, तिम्सिने गाउँ, थोप्ले बिरान, थोप्ले खोला, टिमाई खोला, नयाँ बस्ती टोल, र नयाँ बस्ती सिरान) का केही जग्गाहरू नदी उकास, खोला क्षेत्र तथा साबिक वनजंगलमा परेको पाइएको हुनाले तसर्थ, भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ (ख) को उपदफा (४) बमोजिम भूमि समस्या समाधान समितिले उपलब्ध गराउन नमिल्ने जग्गा (नकारात्मक सूची) भित्र परेकाले उक्त



सुवास श्रेष्ठ
प्रशासकीय अधिकृत

क्षेत्रका जग्गाहरू वितरण गर्न योग्य नरहेको हुँदा सो सम्बन्धी फाइल अगाडि नबढाइएको व्यहोरा जानकारी गराईन्छ।

३.जग्गा धनी प्रमाण पूजाको तयारी

वडा नं. १३ को फुलबारी टोल स्थित कित्ता नं. १७ (क्षेत्रफल ७ कठ्ठा) को जग्गा नाप-नक्सा सम्पन्न गरी उक्त ठाउँका कुल १७ घरधुरी मध्ये भू-सम्बन्धी मापदण्ड बमोजिम जग्गा पाउन योग्य १४ घरधुरीको स्थानीय तहबाट गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी फाइल तयार पारि आवश्यक कारबाहीका लागि भूमि समस्या समाधान जिल्ला समिति झापामा पठाइसकिएको।

४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नगर प्रमाणीकरण

मेचीनगर नगरपालिकाभित्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको गरी कुल ५,३०६ जनाको निवेदन परेकोमा भूमिहीन दलित ३०७ जना र भूमिहीन सुकुम्बासी १,८७९ जनाको नगर तहबाट नगर प्रमाणीकरण गरी जिल्ला समितिमा पठाइसकिएको तथा बाँकी ३,१२० जना अव्यवस्थित बसोवासीको निवेदन छानबिन ।

५.निस्सा वितरण

भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू मध्ये निस्सा हराएका वा नष्ट भएका कुल २३९ जना निवेदनकर्ताहरूलाई पुनः निस्साको प्रतिलिपि तयार गरी वितरण गरिएको छ।

६. फिल्ड निरीक्षण

मेचीनगर नगरपालिकाको १५ वटै वडामा बसोबास गर्दै आएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू मध्ये हाल मेचीनगर वडा नम्बर १२, ११ र ७ को बसोबास गरिएको क्षेत्रको फिल्ड निरीक्षण गर्रिदै बाकी वडाहरुमा फिल्ड निरीक्षण कार्य अगाडी बढाइने तयारी भइरहेको छ।

नोटः सो सम्बन्धमा हालसम्म भएका प्रगतिको विवरण सार्वनजिक गरिएको व्योहोरा सम्बन्धित सवैमा जानकारी गराईन्छ।

सचिव

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत